लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
(राप्ती उपत्यका) देउखुरी दाङ, नेपाल

पत्र सं.:- २०८१/०८२
च.नं.:-

मिति:- २०८१/०५/१७

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०५।०१७)**

**विषय:- विद्यालयहरुले विपत् व्यवस्थापनका लागि अनुदान प्राप्त गर्न प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !**

प्रस्तुत सम्बन्धमा यस निर्देशनालयको चालु आ.व. २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत यस प्रदेश भित्र सन्चालित सामुदायिक विद्यालयहरुलाई विपत् व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले शैक्षिक सत्र २०८१ सुरु भए पछि हालसम्म विपतबाट भौतिक पूर्वाधार क्षति भई पठनपाठनमा अवरोध सिर्जना भएको भए २०८१।०६।०६ गते सम्ममा तपशीलका कागजात सहित **सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा** प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

रेस्मी राज अर्याल
नि.महानिर्देशक

संलग्न गर्नुपर्ने कागजातहरु:

१. विद्यालयको विपत् जोखिम सम्बन्धमा सम्बन्धित स्थानीय तहको विपत् व्यवस्थापन समितिको निर्णयसहित स्थानीय तहको सिफारिस
२. सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस
३. सुरक्षा निकायको रोहवरमा तयार पारिएको मुचुल्का
४. जिल्ला विपत् व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि (स्थानीय विपत् व्यवस्थान समितिको निर्णय भएका जिल्ला प्रशासन कार्यालयको सिफारिस मात्र भए हने)
५. प्राविधिकले तयार गरेको लागत अनुमान
६. क्षतिको अवस्था झल्किने प्रष्ट रङ्गिन फोटोहरु
७. विपत् व्यवस्थापनका लागि कुनै सरकारी निकायबाट हालसम्म कुनै अनुदान प्राप्त नगरेको सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णयसहित विद्यालयको पत्र
८. प्राविधिक निर्माण कार्यमा सहजीकरण गर्ने स्थानीय तहको प्रतिवद्धता
९. शैक्षिक वर्ष २०८१ मा विद्यालयमा अध्ययनरत तहगत र कक्षागत विद्यार्थी संख्या
१०. गत आ.व. मा विपत् व्यवस्थापनका लागि यस कार्यालयमा कागजात पेश गरिसकेका विद्यायहरुले उक्त व्यवस्थापनको लागि कुनै पनि सरकारी निकायबाट हालसम्म कुनै अनुदान प्राप्त नभएको विद्यालय व्यवस्थापन समितिको हालको निर्णय सहितको पत्र ।

**बोधार्थ**

**श्री सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी)** उल्लेखित सूचना तहाँको वेव साइटमा समेत प्रकाशन गरिदिनु हुन अनुरोध छ ।

**श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु/पाल्पा/प्यूठान/दाङ/बाँके** : उल्लेखित सूचना तहाँको वेव साइटमा समेत प्रकाशन गर्नुका साथै आवश्यक कागजात सहित विधिबत रुपमा प्राप्त हुन आएका प्रस्तावहरु समयावधि समाप्त भएका मितिले ३ दिन भित्र निर्देशनालयमा उपलब्ध गराउने व्यवस्था हुन ।

provinceedd5@gmail.com http://eddmos.p5.gov.np